# शुक्लागण्डकी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
दुलेगौंडा, तनहुँ

गण्डकी प्रदेश, नेपाल

332F+6GG


## स्थानीय सेवा ( गठन तथा सञ्चालन ) ऐन, २०७९ बमोजिम तह / स्तर वृद्धि गर्ने सम्बन्धी सूचना !

**सूचना नं. १/तहबृद्धि/२०८१**

**सूचना प्रकाशन मितिः २०८१/०३/३०**

स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन २०७९ को दफा २७ मा भएको तहवृद्धिको व्यवस्था वमोजिम तपशिलका उल्लेखित सर्तहरु पूरा भएका शुक्लागण्डकी नगरपालिकामा समायोजन भै कार्यरत स्थायी कर्मचारीहरुले यस कार्यलयको वेबसाइट www.shuklagandakimun.gov.np मा राखिएको तहवृद्धिको आवेदन फाराम डाउनलोड गरी नेपाली कागजमा प्रिन्ट गरी फाराममा उल्लेखित विवरण खुलाइ चार प्रति तयार गरेर प्रमाणित गरी मिति २०८१ साल श्रावण १४ भित्र सम्ममा कार्यालयको प्रशासन शाखामा बुझाउनुहुन सूचित गरिन्छ । म्याद नाघी प्राप्त हुन आएका, अपूरो विवरण भरी पेस भएका र तोकिए बमोजिमका कागजात संलग्न नभएका आवेदनलाई तहवृद्धिको प्रक्रियामा सामेल नगराइने व्यहोरा समेत यसै सूचना मार्फत जानकारी गराइन्छ ।

**१. स्थानीय सेवाको स्वास्थ्य सेवा बाहेकको अन्य सेवामा कार्यरत कर्मचारीको हकमा:**

(क) अधिकृतस्तर छैटौं, आठौं र दशौं तह (प्राविधिक/अप्राविधिक) को पदमा हुने तहवृद्धिको लागि क्रमशः सहायकस्तर पाचौं, अधिकृतस्तर सातौं र अधिकृतस्तर नवौं तहको पदमा पाँच वर्ष सेवा अवधी पुरा भएको हुनुपर्नेछ ।

(ख) अधिकृतस्तर छैटौं, आठौं र दशौं तह (प्राविधिक/अप्राविधिक) को पदमा हुने तहवृद्धिको लागि क्रमशः सहायकस्तर पाचौं, अधिकृतस्तर सातौं र अधिकृतस्तर नवौं तहको पदमा पाँच बर्षको कार्यसम्पादन मूल्याङ्कनमा कम्तिमा पन्चानब्बे प्रतिशत औषत अंक प्राप्त गरेको हुनुपर्नेछ ।

(ग) स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन २०७९ को दफा ३१ बमोजिम तहवृद्धिको लागि सम्भाव्य उम्मेदवार हुन अयोग्य नभएको हुनुपर्नेछ ।

**२. स्थानीय सेवाको स्वास्थ्य सेवामा कार्यरत कर्मचारीको हकमा :**

(क) स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन २०७९ को दफा २७ को उपदफा ३ बमोजिम (स्वास्थ्य सेवा ऐन, २०५३ एवं नियमावली, २०५५) बमोजिमको सेवा, शर्त र अवधी पूरा भएको हुनुपर्नेछ ।

(ख) स्वास्थ्य सेवा ऐन, २०५३ एवं नियमावली, २०५५ बमोजिम स्तरवृद्धिको लागि आवश्यक पर्ने कागजात संलग्न हुनुपर्ने ।

(ग) स्वास्थ्य सेवा ऐन, २०५३ को दफा ९ (क) बमोजिम नकरात्मक सूचीमा नपरेको हुनुपर्नेछ ।

(घ) स्वास्थ्य सेवा नियमावली, २०५५ को अनुसूची ११ बमोजिमको अति दुर्गम वा दुर्गम भौगोलिक क्षेत्रमा सेवा गरेको अवधीको प्रमाणित सिफारिस पत्र साथै अति दुर्गम वा दुर्गम भौगोलिक क्षेत्रमा सेवा गरेको रुजु हाजिरी एवं अवधी खुलेको कागजात

प्रमुख प्रशासकीय अधिकृत



फोन नं: ०६५-४१४१०५, ४१४३०५, वेबसाईट: www.shuklagandakimun.gov.np
इमेल: info@shuklagandakimun.gov.np, munshuklagandaki@gmail.com

(ङ) कागजातहरु: कामकाज गर्न खटाईएको पत्र, रमाना पत्र र हाजिर भएको जानकारी पत्र अनिवार्य रुपमा पेश गर्नुपर्नेछ)

(च) साविक नेपाल स्वास्थ्य सेवाको पदमा नियुक्त भएका कर्मचारीहरुले यस नगरपालिकामा समायोजन भएको पत्र ।

(छ) स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०७९ को दफा ३१ वमोजिम तहवृद्धिको लागि सम्भाव्य उम्मेदावार हुन अयोग्य नभएको हुनुपर्नेछ ।

३. स्थानीय सेवाको सबै सेवामा कार्यरत कर्मचारीहरूले आवेदन साथ खुलाउनुपर्ने तथा संलग्न गर्नुपर्ने अन्य कागजातहरुको विवरणः

(क) आवेदन फारामको सम्पूर्ण महलहरुमा उल्लेख भए वमोजिमका विवरणहरु स्पष्ट खुलाउनु पर्नेछ ।

(ख) सुरु नियुक्ति पत्रको प्रमाणित प्रतिलिपी ।

(ग) तहवृद्धि हुने पद भन्दा एक तह मुनिको पद वा श्रेणीमा भएको स्थायी नियुक्ति वा स्तरवृद्धिको प्रमाणित प्रतिलिपी ।

(घ) कर्मचारी समायोजन ऐन, २०७५ बमोजिम शुक्लागण्डकी नगरपालिकामा समायोजन भएको पत्रको प्रमाणित प्रतिलिपी र पदस्थापन पत्रको प्रमाणित प्रतिलिपी ।

समचन्द्र लामगादे

प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत